# मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान

हेटौंडा, मकवानपुर, बागमती प्रदेश

## Anesthesia Technician Training Course मा चौथौ व्याचमा विद्यार्थी भर्ना सम्बन्धी सूचना

सूचना नं. : ४१ मिति: २०८३/०६/१४

यस मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको शैक्षिक सत्र २०८३/०८४ मा **एक (१) वर्षे Anesthesia Technician Training Course** सञ्चालन गर्न चौथो व्याच विद्यार्थी भर्नाको लागि यो सूचना प्रकाशित गरिएको छ । मान्यता प्राप्त शिक्षण संस्थाबाट Health Assistant, Ophthalmic Assistant र Proficiency Certificate level in Nursing गरेका नेपाली नागरिकले राष्ट्रिय वाणिज्य बैंकमा रहेको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको आम्दानी खाता नं. १३००१००२०२०८०२०२ (KHA-2.8.2 Madan Bhandari Swasthya Bigyan Pratisthan Amdani Khata) मा रु. २०००।- (दुई हजार रुपैया, फिर्ता नहुने गरी) जम्मा गरी सो को सक्कल भौचरका साथ आवश्यक कागजातहरु (आवेदन फारम प्रतिष्ठानको वेबसाइटमा उपलब्ध रहेको छ) मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको केन्द्रिय कार्यालय (हेटौंडा अस्पतालको नयाँ भवन, चौथो तल्लामा) हेटौंडामा पेश गर्नुपर्नेछ ।

- **दरखास्त दिने अन्तिम मिति:** २०८३/०६/२८ गते कार्यालय समयभित्र, सो दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन कार्यालय समय भित्र । *(इमेल मार्फत पनि दरखास्त दिन सकिनेछ)*
- **सम्पर्क मिति:** दरखास्त दिने अन्तिम मितिको भोलिपल्ट, परीक्षाको तालिका सम्पर्क मितिमा जानकारी गराइनेछ ।
- **परीक्षाको किसिम:** लिखित र मौखिक
- **दरखास्तका साथ पेश गर्नुपर्ने कागजातहरु:** नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, दरखास्त फारामको भौचर, शैक्षिक प्रमाणपत्रहरुको प्रतिलिपि, सम्बन्धित विषयमा कम्तीमा २ वर्षको कार्यानुभवको पत्रको प्रतिलिपि, सम्बन्धित विषयको काउन्सीलमा दर्ता र नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि *(इमेल मार्फत दरखास्त बुझाइएमा परीक्षामा उपस्थित हुन आउँदा सम्बन्धित सबै कागजातहरु रेकर्ड फाइलमा राखी सक्कल सहित बुझाउनुपर्नेछ)*

➢ अन्य विस्तृत विवरण चाहिएमा केन्द्रीय कार्यालयमा सम्पर्क राख्न सम्वन्धित सबैलाई सूचित गरिन्छ ।
सम्पर्क नं.: ९८५५०११८६३, ९८४५३८२४५५)

| | |
|---|---|
| **प्रदेश सरकार, बागमती प्रदेश** (स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय) | ३ सिट (तीन) |
| **संस्थागत (Institutional), खुल्ला (Private)** | २ सिट (दुई) |

**नोट:**

- कुनै पनि कारणले बागमती प्रदेश सरकार, स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय तर्फको सिट खाली रहन गएमा खुला प्रतिस्पर्धा भित्रैबाट सफल उम्मेद्वारको प्राप्ताङ्कको क्रम अनुसार (Merit List) भर्ना लिइने छ ।
- बागमती प्रदेश सरकार अन्तर्गत कार्यरत योग्यता पुगेका उम्मेद्वारहरुले प्रदेश स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालयको स्वीकृति पत्र संलग्न गर्नुपर्ने छ ।
- CEONC लागु भएको सरकारी संस्थामा कार्यरत उम्मेद्वारलाई प्राथमिकता दिइने छ ।
- संस्थागत/खुल्ला उम्मेद्वारहरुले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानले तोकेको तालिम शुल्क बुझाउनु पर्ने छ ।